# नेपाल सरकार
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौँ

**एफ.एम. रेडियोहरुले संगीत रोयल्टी दिने समझदारी सम्वन्धी**
**प्रेस विज्ञप्ती**

कला स्रष्टा (रचनाकार, संगीतकार, गायक र लेखक) को सिर्जना एफ.एम. रेडियोहरुले प्रयोग गरे वापत सो को रोयल्टी प्रदान गर्ने गरी संगीत रोयल्टी संकलन समाज नेपाल (MRCSN), प्रस्तोता समाज नेपाल (PSN) तथा संगीत उत्पादक समाज नेपाल (MPSN) समेत तीनवटै रोयल्टी संकलन समाज (CMOS) र सामुदायिक रेडियो प्रसारक संघ (ACORAB) तथा ब्रोडकास्टिङ्ग एसोशियसन अफ नेपाल (BAN) बीच २०७५ साल असार २६ गते संगीत रोयल्टी सम्बन्धमा समझदारी पत्र (MOU) भएको छ। सो समझदारी पत्रमाः-

१. CMOS ले सामुदायिक रेडियो प्रसारक संघ (ACORAB) र ब्रोडकास्टिङ एसोशियन अफ नेपाल (BAN) संग आबद्ध सदस्य रेडियो /एफ.एम. लाई गीत संगीतको सार्वजनिक प्रयोग तथा प्रसारण गर्ने अनुमती (License) प्रदान गर्ने र सामुदायिक रेडियो प्रसारक संघ (ACORAB) र ब्रोडकास्टिङ एसोशियसन अफ नेपाल (BAN) ले आफ्नो सदस्य रहेको रेडियो /एफ.एम. लाई गीत संगीत प्रयोग तथा प्रसारण भएका गीत संगीतको ( Log sheet) तिर्न/बुझाउने निर्देशन तथा परिपत्र गर्नु पर्ने,

२. संगीत रोयल्टीको दर रेट दुबै पक्षको आपसी समझदारीमा निम्न बमोजिम निर्धारण गरिएको,
   क. १ वाट देखि १०० वाट सम्म वार्षिक रु. २५००/-
   ख. १०१ वाट देखि ५०० वाट सम्म वार्षिक रु. ४,५००/-
   ग. ५०१ वाट देखि १००० वाट सम्म वार्षिक रु. ८,०००/-
   घ. १००१ वाट भन्दा माथि वार्षिक रु. १२,०००/-

३. ACORAB र BAN ले आफ्नो सदस्य रहेको रेडियो / एफ.एम. लाई आ.व. ०७५/०७६ देखि प्रत्येक आर्थिक वर्षको पुस मसान्त सम्म संगीत रोयल्टी CMOS लाई तिर्न बुझाउन निर्देशन दिनुपर्ने र आ.व. ०७४/०७५ को संगीत रोयल्टी २०७५ पुस मसान्त सम्म CMOS लाई तिर्न पर्ने,

४. CMOS ले उपलब्ध गराएको प्रतिलिपी अधिकार र रोयल्टीको अधिकार सम्वन्धी जनचेतनामुलक सामाग्री (Public Service Announcement) लाई आपसी समझदारीमा प्रसारण गर्ने कार्यमा ACORAB र BAN ले आफ्नो सदस्य रहेको रेडियो / एफ.एम. लाई अनुरोध गर्ने र CMOS को तर्फबाट रेडियो स्टेशनको ख्याती र विकासमा सघाउ पुऱ्याउने कार्यक्रम स्टेशनले उत्पादन तथा संचालन गर्दा सिर्जना, प्रस्तुति, प्रर्दशन तथा प्रसारणको माध्यमबाट सघाउनु पर्ने,जस्ता सर्तहरु उल्लेख भएका छन।

विकासमा सघाउ पुऱ्याउने कार्यक्रम स्टेशनले उत्पादन तथा संचालन गर्दा सिर्जना, प्रस्तुति, प्रर्दशन तथा प्रसारणको माध्यमबाट सघाउनु पर्ने, जस्ता सर्तहरु उल्लेख भएका छन।

यस अघि प्रतिलिपि अधिकार ऐन, २०५९ अनुसार कला सष्ट्रा (रचनाकार, संगीतकार, गायक र लेखक) हरुले उनीहरुको सिर्जनाको प्रयोग भए वापत पाउनु पर्ने रोयल्टी पारिश्रमिक कडाइका साथ उठाई सम्वन्धित स्रष्ट्राले पाउने व्यवस्था मिलाउन व्यवस्थापिका-संसद विकास समितिको निर्देशनानुसार संचार मन्त्रालयका सहसचिवको संयोकजकत्वमा कला, कलाकार, स्रष्टा एवं लेखकहरुलाई उनीहरुको सर्जनामा रोयल्टी उपलव्ध गराउने सम्वन्धमा रोयल्टी व्यवस्थापन सम्वन्धी संयन्त्र निर्माण गर्नका लागि समिति गठन भई रोयल्टी वितरण सम्वन्धी मापदण्ड, २०७२ सम्वन्धी प्रतिवेदन र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिवको संयोजकत्वमा सो मापदण्ड कार्यान्वयन सम्वन्धी कार्ययोजना तयार भएको थियो । कार्ययोजना प्राप्त भए पश्चात यस मन्त्रालयबाट अन्तर्गतका निकायहरुलाई सो कार्ययोजना कार्यान्वयनका लागि निर्देशन दिनुका साथै मिति २०७४ पौष २३ मा रोयल्टी संकलक समाज नेपाल र सामुदायिक रेडियो प्रसारक संघ (ACORAB), Broadcasting Association of Nepal (BAN), काठमाण्डौ उपत्यका प्रसारक मञ्च, मिडिया सोसाइटि नेपालको प्रतिनिधित्व रहने गरी प्रतिलिपि आधिकार रजिष्टारको कार्यालयका रजिष्टारको संयोजकत्वमा समिति गठन भई रोयल्टीलाई व्यवस्थित सरलीकरण र वैज्ञानिक बनाउन उल्लिखीत संस्थाका (MRCSN, PSN, MPSN) को गीत संगीत सार्वजनिक रुपमा प्रयोग गर्ने प्रयोगकर्ताहरुसँग रोयल्टी संकलनका लागि संयुक्त मापदण्ड बनाई कार्यान्वयनमा लागिएको थियो । स्रष्ट्राहरुको सम्मान गर्न मन्त्रालयले सबैमा हार्दिक अपिल गर्दछ।

प्रवक्ता
रामचन्द्र ढकाल
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

२०७५ असार २७, बुधबार